म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- १३७ २०७९ चैत २७ गते सोमबार 10 April 2023, Monday - पृष्ठ ४ मूल्य रु. ५/-

## मुख्यमन्त्रीद्धारा सञ्चारग्राम निर्माणस्थलको अनुगमन

हेटौंडाः बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जमकट्टेल र आन्तरिक मामिला मन्त्री गंगानारायण श्रेष्ठले नेपाल पत्रकार महासंघ बागमती प्रदेशको सञ्चारग्राम निर्माणस्थल अनुगमन गर्नुभएको छ। आइतबार नेपाल पत्रकार महासंघ बागमती प्रदेशको कार्यालय परिसरमा पुगेर मन्त्रीहरुले निर्माणस्थल अनुगमन गर्नुभएको हो। अनुगमनको क्रममा मुख्यमन्त्री जमकट्टेलले भवन निर्माण कार्य तत्काल सुरु गर्न निर्देशन दिनुभयो। भवन निर्माणका लागि आन्तरिक मामिला मन्त्रालयबाट १ करोड बजेट विनियोजन भएको नेपाल पत्रकार महासंघ बागमती प्रदेशका महासचिव कृष्ण सारु मगरले जानकारी दिनुभएको छ। भवन ३ तले निर्माण हुनेछ। तत्कालीन जल उत्पादन नियन्त्रण कार्यालयको स्वामित्वमा रहेको ८ कठ्ठा ऐलानी जग्गामा भवन निर्माणका लागि हेटौंडा उपमहानगर पालिकाले महासंघलाई उपलब्ध गराएको छ। भवन १ वर्ष भित्र निर्माण सम्पन्न हुने महासचिव मगरले बताउनुभएको छ।

# बागमती सरकारमा दुई मन्त्री थपिए



*दुई मन्त्रीलाई सपथ गराउनुहुँदै प्रदेश प्रमुख । साथमा मुख्यमन्त्री ।*

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारमा दुईजना मन्त्री थपिएका छन् । आईतबार साँझ प्रदेश प्रमुख यादवचन्द्र शर्मासमक्ष नेपाली कांग्रेस संसदीय दलका नेता बहादुर सिंह लामाले आर्थिक मामिला तथा योजना मन्त्री र कांग्रेसकै तीर्थबहादुर लामाले खानेपानी, ऊर्जा तथा सिंचाई मन्त्रीको सपथ लिनुभयो ।

बागमतीमा एमाले र राप्रपा सर कारबाट बाहिरिएपछि ७ वटा मन्त्रालय खाली छ। कांग्रेस नेताहरु सहभागी भएपछि पनि ५ मन्त्रालय मुख्यमन्त्रीसँगै रहनेछ । नुवाकोट क्षेत्र नम्बर २ को प्रदेशसभा २ बाट निर्वाचित नेपाली कांग्रेसका नेता बहादुर सिंह लामा कांग्रेस संसदीय दलका नेता समेत हुनुहुन्छ। प्रदेश सभा सदस्य निर्वाचनमा नेकपा एमालेका विजय सिंह लामा तामाङलाई ८ हजार १२५ मतान्तरले पराजित गर्दै लामा निर्वाचित हुनुभएको हो । लामाले १७ हजार २४९ मत प्राप्त गरी प्रदेश सभा सदस्य निर्वाचित हुनुहुँदा एमालेका उम्मेदवार तामाङले ९ हजार १२४ मत पाउनुभएको थियो । यता संसदीय दलको नेतामा ईन्द्रबहादुर बानियाँलाई पराजित गर्दै विजयी हुनुभएका लामा कांग्रेसमा प्रभावशाली नेता हुनुहुन्छ । यसअघि २०७४ सालको निर्वाचनमा प्रतिनिधि सभा सदस्यमा निर्वाचित हुनुभएका लामा निर्वाचनको अवधिकै गठबन्धन कायम रहेको भए प्रदेशको मुख्यमन्त्रीको दावेदारको रुपमा रहनुभएको थियो ।

यस्तै नेपाली कांग्रेस काभ्रेका सभापति समेत रहनुभएका प्रदेश सभा सदस्य तीर्थ लामाले खानेपानी, उर्जा तथा सिंचाई मन्त्रालयको जिम्मेवारी पाउनुभएको छ । गत मंसिरमा भएको निर्वाचनमा प्रदेश सभा सदस्यमा निर्वाचित लामा २०७० सालको संविधानसभा निर्वाचनमा काभ्रे क्षेत्र नम्बर १ बाट निर्वाचित हुनुभएको थियो। संविधान सभा सदस्य हुनुहुँदा नेपाली कांग्रेस संसदीय दल कार्यसमितिको सदस्य निर्वाचित हुनुभएका लामा संसदको उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण समितिको सदस्यको जिम्मेवारी पाउनुभएको थियो ।

कम्युनिष्टको गढ मानिने क्षेत्रमा निर्वाचित हुने लामा कांग्रेसको पहिलो उम्मेदवार हुनुहुन्छ । २०६४ सालको संविधानसभा सदस्य निर्वाचनमा कांग्रेसले ७ हजार मत ल्याएको क्षेत्रमा २०७० सालको संविधानसभा निर्वाचनमा लामाले १२ हजार भन्दा बढी मत ल्याएर विजयी हुनुभएको थियो । तत्कालिन माओवादी केन्द्र र एमाले मिलेर भएको बाम गठबन्धनका कारण २०७४ सालको प्रतिनिधी सभा निर्वाचनमा भने उहाँ ४ हजार २६ मत अन्तरले पराजित हुनुभएको थियो । २०७४ सालको प्रतिनिधि सभा निर्वाचनमा बाम गठबन्धनका गंगाबहादुर दोङले ४३ हजार ६ सय ३१ र कांग्रेसका तीर्थबहादुर लामाले ३९ हजार ६ सय ५ मत प्राप्त गर्नुभएको थियो ।

२०६४ सालबाट नेपाली कांग्रेसको राजनीति शुरु गर्नुभएका लामा सोही वर्ष क्षेत्रीय उपसभापति मनोनित हुनुभएको थियो । पार्टीको १२ औं र १३ औं महाधिवेशनमा क्षेत्रीय सभापति निर्वाचित लामा संघीयतापछि जिल्ला २ निर्वाचन क्षेत्रमा विभाजन भएपछि प्रतिनिधी सभा क्षेत्र नम्बर १ को सभापति हुनुभएको थियो । पार्टीको १४ औं महाधिवेशनमा उहाँ जिल्ला सभापतिमा निर्वाचित हुनुभयो ।

# एसईईः साधारणतर्फको परीक्षा सकियो



*आइतबार बिहान ऐच्छिक द्वितीय विषयको परीक्षा सकिएपछि भुटनदेवी मावि परीक्षाकेन्द्र अगाडि विषय शिक्षकसँग छलफल गर्दै विद्यार्थी ।*

समाज संवाददाता

हेटौंडाः माध्यमिक शिक्षा परीक्षा (एसईई) अन्तर्गत् साधारणतर्फको परीक्षा सकिएको छ। गत चैत्र १७ गते सुरु भएको एसईई परीक्षा आइतबार सकिएको हो।

परीक्षाको पहिलो दिन अनिवार्य अंग्रेजी विषयको परीक्षा भएको थियो भने अन्तिम दिन ऐच्छिक द्वितीय विषयको परीक्षा भएको छ। जसमा मकवानपुर जिल्लाबाट एसईई परीक्षामा अनुपस्थित विद्यार्थीको संख्या उल्लेख्य रहेको पाइएको छ।

अंग्रेजी विषयको परीक्षामा एक सय ३० जना, गणित विषयको परीक्षामा एक सय ८ जना, नेपाली विषयको परीक्षामा एक सय २३ जना, विज्ञान विषयको परीक्षामा एक सय २५ जना, सामाजिक अध्ययन विषय र स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षा विषयको परीक्षामा एक सय २४ जना, ऐच्छिक प्रथम विषयको परीक्षामा एक सय ३६ जना र ऐच्छिक द्वितीय विषयको परीक्षामा एक सय २९ जना विद्यार्थी अनुपस्थित भएका हुन्।

यसवर्ष एसईईमा देशभरबाट ५ लाख १६ हजार ५ सय ९१ जना विद्यार्थीले परीक्षामा सहभागी हुन फारम भरेका थिए । मकवानपुर जिल्लाबाट एसईईमा सहभागी हुन ६ हजार २ सय ४६ जना विद्यार्थीले फारम भरेका थिए। तर प्रत्येक विषयको परीक्षामा एक सयभन्दा बढी विद्यार्थी अनुपस्थित भएका छन् । मकवानपुर जिल्लामा एसईईका लागि २५ वटा परीक्षा केन्द्र निर्धारण गरिएको थियो।

शान्तिपूर्ण वातावरणमा साधारणतर्फको परीक्षा सम्पन्न भएको छ। यस्तै, प्राविधिक धारतर्फको परीक्षा भने बुधबारसम्म सञ्चालन हुनेछ । साधारणातर्फको परीक्षा सकिएसँगै मकवानपुरमा ३ वटामात्र परीक्षा केन्द्र कायम गरिएको छ।

हेटौंडा–५ मा रहेको जीएस निकेतन बोर्डिङ स्कूल, हेटौंडा–६ स्थित चौघडामा रहेको वंशगोपाल माध्यमिक विद्यालय र थाहा नगरपालिकाको पालुङमा रहेको मच्छेनारायण माध्यमिक विद्यालयलाई मात्र केन्द्र कायम गरिएको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्राविधिक सहायक प्रेमचन्द्र चौधरीले जानकारी दिनुभयो।

# नाक, कान, घाँटीको बिरामी बढी

समाज संवाददाता

हेटौंडाः हेटौंडा अस्पतालमा नाक, कान, घाँटी रोगका बिरामी बढ्न थालेका छन् । पहिलाभन्दा अहिले अस्पतालमा बिरामीको चाप बढिरहेको अस्पतालका नाक, कान, घाँटी रोग विशेषज्ञ डा. श्लेस्मा रिजालले बताउनुभयो ।

नाक, कान, घाँटी जँचाउन सबै उमेरका बिरामी आउने गरेको भए पनि धेरैजसो २० देखि ५० वर्षभित्रका बिरामी आउने गरेको डा. रिजालले जानकारी दिनुभयो । दैनिक ८० देखि १०० जना मानिस नाक, कान, घाँटीको समस्या लिएर उपचारका लागि आउने गरेको उहाँको भनाई छ । पुरानोभन्दा नयाँ वा रेफर गरेका बिरामी आउने डा. रिजालले जानकारी दिनुभयो ।

बिरामीअनुसार रोगको अवस्था फरक–फरक हुने भएकाले कतिपयमा रोगको उपचार छिटो गर्नुपर्ने, नत्र धेरै असर पर्ने उहाँले बताउनुभयो। बिरामीहरु एकपटक जाँच गरेपछि पुनः जाँच गर्न कम मात्रामा आउने गरेको उहाँले बताउनुभयो।

धेरैजसो बिरामी नाकमा एलर्जी, पिनास, घाँटीमा टन्सिल र कान पाक्ने, कानको जालीमा प्वाल भएर आउने गरेको डा. रिजालले जानकारी दिनुभयो । बालबालिकाहरु कान पाकेर, कानमा फोहोर र टन्सिल बडेर उपचार गराउन आउने गरेको उहाँको भनाई छ । नाक, कान, घाँटीका बिरामी जाडोमा भन्दा गर्मीमा धेरै आउने डा. रिजालले बताउनुभयो ।

चिसोबाट बच्ने, पानी/तेल कानमा नहाल्ने, धुलो धुवाँबाट बच्ने, कान सुख्खा राख्ने, कान नाक नकोट्याउने गरेमा नाक, कान र घाँटीको रोगबाट बच्न सकिने उहाँले बताउनुभयो। अस्पतालमा बारा जिल्लाको निजगढ तथा सिमरा र मकवानपुरका ग्रामीण भेगबाट उपचारका लागि आउने गरेको डा. रिजालले जानकारी दिनुभयो।

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
The Voice of Community






## सम्पादकीय

# समुदायको हितमा सामुदायिक वन

वनजंगल नेपालको एक महत्वपूर्ण प्राकृतिक सम्पदा हो । वनजंगलको महत्वलाई आत्मसात गर्दै दशकौं अघिदेखि 'हरियो वन नेपालको धन' भन्ने नारा प्रचलनमा छ । मुलुकको आर्थिक विकास तथा पर्यावरणीय सन्तुलनका लागि वनजंगलले ठूलो महत्व राख्दछ । विगतमा ठूलो क्षेत्र ओगटेको नेपालको वनजंगल वि.सं २०३० देखि २०४० को दशकमा निकै विनाश भएको देखिन्छ । तत्कालीन राज्य व्यवस्थाको आडमा केही व्यक्तिहरुले राष्ट्रिय वन क्षेत्रको व्यापक फँडानी गरेका कारण वनजंगलले ढाकेको क्षेत्र निकै कम हुन पुगेको तथ्यांक पाइन्छ । वि.सं २०४६ सालको राजनीतिक परिवर्तनपश्चात् सामुदायिक वनको अवधारणा लागू भएसँगै वनजंगल संरक्षणप्रतिको चासो र चिन्ता बढ्न थालेको हो । विगतमा राष्ट्रिय वनको रुपमा संरक्षित वनलाई समुदायले संरक्षण, व्यवस्थापन र उपभोग गर्नेगरी सामुदायिक वन उपभोक्ता समूहलाई तोकिएको वन क्षेत्र हस्तारण हुन थालेपछि वनजंगलको संरक्षण र उपयोगमा समुदायको सहज पहुँच स्थापित भएको हो । समुदायलाई वन जिम्मा दिएपछिको करिब ३ दशकमा वन क्षेत्र संरक्षित हुनुका साथै वनजंगलले ढाकेको क्षेत्र पनि वृद्धि भएको छ ।

समुदायको हितका लागि सामुदायिक लगानीमा सार्वजनिक स्थानमा स्थापना भएको सानो वन क्षेत्रलाई सामुदायिक वन भनेर बुझिन्छ । सामुदायिक वनको सम्पूर्ण अधिकार समुदायमा निहित रहेको हुन्छ । सामुदायिक वनले मुलुकको वनजंगल संरक्षणमा ठूलो सहयोग पुऱ्याइरहेको भए पनि सामुदायिक वनप्रति राज्यको दृष्टिकोण प्रष्ट बन्न सकिरहेको छैन । राज्यले नीति, नियम र कानुन बनाएर सामुदायिक वनलाई नियमन गर्दै आएको भए पनि दीर्घकालीन नीति नहुँदा समस्या पर्ने गरेको छ । राज्यले लागू गर्ने विभिन्न नीति, नियम सामुदायिक वनको प्रतिकूल भइदिँदा वन उपभोक्ता समूह र राज्यका नियमनकारी निकायबीच विवाद हुने गरेको छ । देशभर रहेका २२ हजारभन्दा बढी सामुदायिक वनहरुको छाता संगठन सामुदायिक वन उपभोक्ता महासंघ (फेकोफन)ले सामुदायिक वनसम्बन्धी भएका नीति, नियम र प्रस्तावित कानुनी व्यवस्थाको विरोध गर्दै आएको छ ।

देश संघीयतामा गएपछि तीन तहको सरकार बन्यो । सामुदायिक वनलाई तीनै तहको सरकारको नियन्त्रणमा राखिएको र वन उपभोक्ता समूहले उपभोग गरेको वन पैदावारबापत तीनै तहको सरकारलाई कर तिर्नुपर्ने व्यवस्थालाई लिएर फेकोफनले विरोध गर्दै आएको छ । सामुदायिक वनमाथि तीन तहकै सरकारले चर्को करको भार दिएको भन्दै त्यसको विरोध भएको हो । फेकोफनले सामुदायिक वन उपभोक्ता समूहमाथि सरकारले लगाएको कर अनुचित भएको भन्दै कुनै पनि सरकारलाई कर नतिर्ने चेतावनीसमेत दिने गरेको छ । सामुदायिक वनले संघ, प्रदेश र स्थानीय सरकारलाई आफ्नो आम्दानीको ठूलो हिस्सा कर बुझाउनुपर्ने भएको भन्दै विरोध भइरहँदा फेरि सामुदायिक वन उपभोक्ता समूह सरकारबीच अर्को विवाद सुरु भएको छ । सामुदायिक वन विभिन्न बहानामा धनाढ्यको कब्जामा गइरहेको फेकोफनको आरोप छ । संघीय सरकारले ल्याएको व्यक्तिलाई विभिन्न परियोजनाको नाममा ३० वर्षका लागि सामुदायिक वनको भोगचलन गर्न दिने नीतिले समुदायले जोगाएर राखेको वन विनाश हुने फेकोफनको दावी छ । सरकारले विपन्न समुदायलाई १० वर्षका लागि वन भोगचलन गर्न दिने भनेकाले विपन्न समुदायले १० वर्षसम्म जोगाएको वन धनाढ्यलाई सुम्पने प्रावधानको विरोध गरिएको हो ।

राष्ट्रिय वनको संरक्षण र उपभोग गर्न समुदायलाई नै जिम्मा दिनेगरी सामुदायिक वन उपभोक्ता समूह गठन भई सोही समूहमार्फत् आफ्नो जिम्माको वन संरक्षण र वन पैदावार उपयोग हुँदै आएको छ । वनजंगल संरक्षण, विस्तार तथा विकास, समुदायको सामाजिक विकास एवम् सदस्यहरुको जीविकोपार्जनमा सहयोग पुऱ्याउँदै आएको सामुदायिक वनलाई सरकारले प्रोत्साहन र सहुलियत दिनुपर्छ । समुदायले जोगाएको वन पैदावार बिक्री गरेर प्राप्त भएको रकम समुदायकै हितमा खर्चनुपर्ने मागलाई नाजायज मान्न सकिन्न । वनजंगल संरक्षण गरी वातावरण सन्तुलन कायम गर्दै जलवायु परिवर्तनको असर कम गराउन खटिने समुदायको हितलाई सरकारले ध्यान दिनु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : रोकिएका कामहरु बन्ने समयको योग छ ।
**वृष** : पारमार्थिक काममा झुकाव बढ्ने समयको योग छ ।
**मिथुन** : आत्मबल र उत्साहमा वृद्धि हुने समय छ ।
**कर्कट** : जालझेल र ठगीबाट बच्दा राम्रो होला ।
**सिंह** : हाँके ताकेका कामहरु सफल रहने समय छ ।
**कन्या** : घर–परिवारमा किचलो बढ्न सक्ने योग ।
**तुला** : कर्तव्य र दायित्वको बारेमा गम्भिर बलिने छ ।
**वृश्चिक** : अध्ययन– अध्यापनका कामहरु ठिकै रहलान् ।
**धनु** : देखिएका चुनौतिहरु समाधान हुने समय छ ।
**मकर** : धर्म संस्कृतिसँग सम्बन्धित काममा सरिक ।
**कुम्भ** : बुद्धि र विवेकले शत्रु पराजित हुने समय छ ।
**मीन** : अरुलाई प्रभावित पारेर काम बनाउने समय छ ।

# 'पोष्ट–ट्रुथ' मनोदशा, 'स्टकहोम सिन्ड्रम' र 'विवेकतन्त्र'को औचित्य



✍डम्बर खतिवडा




'पोष्ट-ट्रुथ' लाई नेपालीमा शायद 'सत्योत्तर' भन्न सकिन्छ । भनिन्छ- अंग्रेजीमा यो पदावली सबैभन्दा पहिले सन् १९९२ मा एक सर्बियाली-अमेरिकी नाटककार तथा पटकथाकार स्टोजन स्टिभ टेसिचले प्रयोग गरेका थिए ।

त्यसको पृष्ठभूमि भने 'खाडी युद्ध' थियो । त्यसमा उनले वाटरगेट र कन्ट्रा-विद्रोही काण्डको प्रसंग जोडेका थिए । सद्दाम हुसेनले कुवेतमाथि आक्रमण गरी इराकको १९औं प्रान्त घोषणा गरेपछि अमेरिकी राष्ट्रपति जर्ज बुसलाई इराक विरुद्ध आक्रमण गर्ने निहुँ चाहिएको थियो । त्यसका लागि इराकमा घातक रासायनिक हतियार छन् भन्ने भाष्य तयार गरियो र त्यसको विश्वव्यापी प्रचार हुन थाल्यो, जो प्रकारान्तरले इराक युद्धको कारण बन्यो । युद्धले सद्दाम हुसेन र बाथ शासनको पतन भयो तर रासायनिक हतियार कहिल्यै फेला परेन ।

शासनकालको अन्त्यपछि राष्ट्रपति जर्ज डब्लु बुसले स्वीकार गरेका थिए- 'रासायनिक हतियार नभेटिएकोमा लज्जित छु तर सद्दाम हुसेनको निरंकुश शासनको अन्त्य जरूरी थियो, त्यसका लागि गौरवान्वित छु ।'

यस पृष्ठभूमिभित्र एक गहिरो रहस्य, मनोदशा छ जसले 'सत्योत्तर' धारणालाई 'सत्य' सावित गर्ने प्रयत्न गर्दछ । कुनै इच्छित नतिजा निकाल्न झुट बोलियो, गलत भाष्य बनाइयो, अनुचित प्रचारबाजी गरियो भने पनि त्यो सही हुन्छ भन्ने । एउटै कुरा एकसाथ 'लज्जित हुने' र 'गौरवान्वित हुने' कारण बन्न सक्दछ भन्ने ।

सन् २०१६ सम्म पनि यो पदावलीले अक्सफोर्ड शब्दकोशमा स्थान पाएको थिएन । सन् २०१६ मा भएका 'ब्रेक्जिट' र 'ट्रम्प अभियान' का क्रममा संचारमाध्यमले यसको यति धेरै प्रयोग गरे कि शब्दकोशमा राख्न अक्सफोर्ड बाध्य भयो । शब्दकोशले 'पोष्ट-ट्रुथ' को अर्थ यसरी लगाएको छ- 'त्यस्तो अवस्था जहाँ वस्तुगत तथ्यहरू भावना र वैयक्तिक विश्वासको तुलनामा सार्वजनिक दृष्टिकोण आकारित गर्न कम प्रभावकारी हुन्छन् ।'

स्टिभ टेसिचले सन् १९९२ को आफ्नो एक निबन्धमा यसरी उल्लेख गरेका थिए- 'हामी स्वतन्त्र जनता स्वतन्त्रतापूर्वक यो निर्णय गर्न स्वतन्त्र छौं कि हामी 'सत्योत्तर' विश्वमा बाँच्न चाहन्छौं ।'

'स्टकहोम सिन्ड्रम' भने एक आपराधिक घटना बैंक डकैती र अपहरणसँग जोडिएर बनेको शब्द हो । नेपालीमा संभवतः यसलाई 'पीडकप्रेम' वा 'पीडकमोह' भन्न सकिन्छ । स्टकहोम स्वीडेनको राजधानी शहरको नाम हो । स्टकहोमको क्रेडिट बैंकका ४ कर्मचारीलाई सन् १९७३ को अगष्ट २३ देखि २८ सम्म ६ दिन जन-इरिक ओल्सन नामका व्यक्तिले अपहरण गरी बन्दी बनाएका थिए । जब बन्दी मुक्त भए, ओल्सन पक्राउ परे, उनलाई जेल लगियो । अदालतमा मुद्दा चल्दा ४ मध्ये कुनै पनि बैंक कर्मचारीले ओल्सन विरुद्ध बयान दिन मानेनन् । ती कर्मचारी बरु उल्टै ओल्सनलाई फलफूल र अन्य उपहार लिएर जेलमा भेट्न जान्थे । फलतः ओल्सनको अपराध प्रमाणित भएन र उनी जेल मुक्त भए ।

ती ४ बैंक कर्मचारीको भनाइ थियो, '६ दिन अपहरण गऱ्यो त के भयो, ओल्सन असाध्यै भलाद्मी मान्छे थियो, उसले हामीसँग कुनै दुर्व्यवहार गरेन । बरु सधैं हाम्रो खाना, स्वास्थ्य र आत्मसम्मानलाई ध्यान दियो ।' अर्थात् यस घटनामा अपहरित (पीडित) हरुमै अपहर्ता (पीडक) प्रति सद्भावको भावना पैदा भयो, जसले गर्दा दिनदहाडै भएको बैंक डकैतीको घटना समेत अदालतमा प्रमाणित हुन सकेन र ओल्सनले कुनै सजाय पाएन । मनोचिकित्सक निल्स बेजरोटले यो घटनाको सारलाई 'स्टकहोम सिन्ड्रोम' को नाम दिए ।

'स्टकहोम सिन्ड्रोम' लाई पुष्टि गर्ने एक बेजोडको हिन्दी सिनेमा छ- हाइवे । निर्देशक इम्तियाज अलीले 'स्टकहोम सिन्ड्रोम' को थिममा साँच्चै गज्जबको सिनेमा बनाएका छन् । 'हाइवे' मा नायिका बीरा त्रिपाठी (आलिया भट्ट) लाई महावीर भाटी (रणदीप होन्डा) ले अपहरण गर्दछ । तर, उनीहरुबीच यस्ता घटनाक्रम आउँछन्, अन्ततः बीरा आफैंलाई अपहरण गर्ने महावीरलाई प्रेम गर्न थाल्छे ।

लोकतन्त्रको साटो 'विवेकतन्त्र' शब्दको प्रयोग गर्न भने केही वर्ष अघि मलाई एक मित्र नरोत्तम पाण्डेले सुझाएका थिए । उनको तर्क थियो- 'लोकतन्त्र मात्र भन्दा हामी भीडतन्त्रतिर गयौं, त्यसलाई अब हामी विवेकतन्त्र भन्न थालौं ।' उनले यो पदावली कहाँबाट किन र कसरी टिपे, थाहा भएन । तर, आफ्ना तर्कहरू बडो शक्तिशाली ढंगले राखेका थिए । उनका तर्कहरु सुनेर केहीबेर म अवाक् भएको थिएँ । नभन्दै नेपाली राजनीतिमा 'विवेकशील' नामको दल नै आयो ।

एकपटक मैले उज्ज्वल थापालाई सोधेको थिएँ, पार्टीको नाम 'विवेकशील' राख्ने सोच कसरी आयो ? यो नाम मलाई अनौठो लागेको थियो । राजनीतिक दलको नाम सामान्यतः यस्तो राखिंदैन, कसरी उनमा यो सोच आयो ? भन्ने जिज्ञासा व्यापक थियो ।

उनले- 'लोकतन्त्र सफल हुन दुई तत्व अनिवार्य छन् भन्ने मेरो विश्वास हो- एउटा सामूहिकता र अर्को विवेक । समग्रमा 'सामूहिक विवेक' । सामूहिकता सहभागिताबाट आउँछ, तसर्थ लोकतन्त्र प्रतिनिधिमूलक नभएर सहभागितामूलक हुनुपर्दछ । अर्को कुरा समूहमा विवेक हुनुपर्दछ, विवेकहीन बहुमत हैन । विवेक विनाको समूह भीडतन्त्र हो, समूह विनाको विवेक एक्लो हुन्छ । राजनीतिक दलको मुख्य काम नै समूहमा विवेक जगाउनु हो । मान्छेलाई विवेकशील बन्न प्रेरित गर्नु हो । तसर्थ पार्टीको नाम नै विवेकशील राखेको' यसो भन्दै फिस्स हाँसेका थिए ।

मलाई उनका तर्कहरु मित्र नरोत्तम पाण्डेका झैं गज्जबका लागेका थिए । सानो उमेरमै यस्तो गहिरो सोच राख्ने उज्ज्वल थापा छोटो उमेरमै बितेर गए ।

हामीले 'वैकल्पिक राजनीति' को कुरा गर्न थालेको १५ वर्ष बितेछ । तर, आज यसभित्रका अभ्यास कति विवेकतन्त्रमा आधारित थिए, कति 'सत्योत्तर' थिए र कति स्टकहोम सिन्ड्रोमबाट प्रभावित थिए, त्यसको भिन्नै विश्लेषण गर्नुपर्ने भएको छ ।

उज्ज्वल थापाले भन्न खोजेको 'सामूहिक विवेक' को अर्थ शायद अंग्रेजीको 'ट्रु मास कन्ससनेस' हो । यो कुनै नयाँ अवधारणा भने हैन, दार्शनिक तथा बौद्धिक बहसमा यो कुरा लामो समयदेखि थियो । यदि कम्युनिस्टहरूका वैचारिक गुरु कार्ल मार्क्सको कुरा गर्ने हो भने उनको विचारको सार नै 'गलत सचेतना' (फल्स कन्ससनेस) विरुद्धको संघर्ष जस्तो लाग्दछ । 'तथ्यबाट सत्य पत्ता लगाउनुपर्छ, सत्य तीतो छ भने पनि स्वीकार गर्नुपर्दछ, आफूले गलत गरिंदैछ भने आत्मालोचना गर्नुपर्दछ' भन्ने कुरा कुनै बेला त्यो धारको आधारभूत मान्यतामध्ये एक थियो ।

'सत्योत्तर' उत्तरआधुनिक युगको एक स्वाभाविक विशेषता हो भन्ने पनि कतिपयको धारणा हुन्छ । तर अक्सर विश्लेषकहरु यो तर्कमा सहमत छैनन् । सत्योत्तर कुनै युग, 'पोष्ट-ट्रुथ इरा' नभएर 'एक मानसिक स्थिति, एक मनोदशा' हो, जसको अर्थ हुन्छ- 'तिम्रा ज्ञान-विज्ञान, तिम्रो सत्य तिमीसँगै राख, मलाई के मतलब, मेरा लागि मलाई जे मन पर्छ, म जेमा विश्वास गर्छु त्यही सत्य हो । आफूलाई मन परेको वा मनमा लागेको सत्यका लागि म जे पनि बोल्न, भन्न सक्छु, त्यो मेरो स्वतन्त्रता हो ।'

कम्तीमा बुस महोदय 'लज्जित' र 'गौरवान्वित' साथसाथ भएका थिए, तर आज सार्वजनिक रूपमा झुट बोलेबापत लज्जित हुनु नपर्ने सत्योत्तरताको कडा 'भेरियन्ट' संक्रमित हुँदै गएको छ । कोही प्रधानमन्त्रीको कुर्सीमा बसेर 'अम्बाको पातको गार्गिलले कोरोना निको हुन्छ' भन्दा न लज्जित हुनुपर्दछ न आत्मालोचित । कोही सांसद भन्दैछ- 'गाईको गहुँतमा संसारका सबै ब्याक्टेरिया मार्न सक्ने क्षमता छ भन्ने कुरा नासाले प्रमाणित गरिसक्यो ।' कुनै उदीयमान पार्टी भन्दैछ- 'जान्नेलाई छान्ने' । तर, त्यसको मूल नेतालाई आफ्नै 'नागरिकता र राहदानीको कानुनी हैसियत' के हो, जान्दैन ।

यदि सांकेतिक रूपमा भन्ने हो भने सत्योत्तरताको नेपाली भेरियन्ट आज मुकुन्द घिमिरे र पुण्य गौतममार्फत अभिव्यक्त भइरहेको छ । हिजो कम्तीमा यो स्तरमा झुट बोल्न, सस्तो लोकप्रियताको चाहना राख्न मान्छे लजाउँथे, डराउँथे । दुनियाँले के भन्ला भन्ने चिन्ता थियो । आज त्यस्तै सबै लज्जा र चिन्ताहरू हराएका छन् । केवल दुई सरोकार सामुन्ने छन्- झुट यति आत्मविश्वासका साथ भन्न पऱ्यो कि त्यो भाइरल हुनुपऱ्यो र त्यसको लोकप्रियताबाट कुनै न कुनै फाइदा हुनुपऱ्यो ।

प्रधानमन्त्रीको पदमा बसेर एमाले अध्यक्ष केपी शर्मा ओलीले 'घरघरमा ग्याँस पाइप' मात्र पुऱ्याएनन् २०७७ साल पुस १ गतेदेखि 'हनुमाननगर-कलकत्ता चल्ने पानीजहाजको टिकट' सम्म काटे । सत्योत्तरताको योभन्दा ठूलो प्रमाण के चाहियो !

अर्कोतिर हामी बारम्बार भन्छौं- देश बनेन । कांग्रेस-एमाले शक्तिशाली भएको ३३ वर्षमा पनि सन्तोषजनक विकास भएन । कांग्रेस-एमाले हेजिमोनीमा माओवादी र मधेशवादी थपिएको करिब १६ वर्षमा पनि बनेन । यिनीहरूले हाम्रो भविष्य अपहरण गरे । तर, के हामीले ती 'भविष्य-अपहरणकर्ता' को मोह त्याग्न सक्यौं त ? संस्थागत रूपमा कांग्रेस, एमाले, माओवाद, राजावादी वा मधेशवादीको कुरा छोडौं- के व्यक्तिगत तहमा आफ्नो नेतृत्व र प्रवृत्ति परिवर्तन गर्न ती संस्था सफल भए त ? निःसन्देह सकेनौं ।

यसले के देखाउँछ भने सत्योत्तरता जस्तै पीडकमोह पनि हाम्रो आम चेतना (मास कन्ससनेस) मा निकै बलियो छ । जहाँ पीडितहरू बयान दिन डराउँछन्, त्यहाँ अपराधीहरूको अपराध अदालतमा सावित हुन, प्रमाणित हुन सक्दैन, तिनले सजाय पाउन सम्भव हुँदैन, चाहे त्यो कानुनी अदालत होस् वा जनअदालत ।

हाम्रो लोकतन्त्रको मनोवैज्ञानिक यथार्थ आज यही हो कि स्टकहोम सिन्ड्रमले गर्दा 'पोष्ट-ट्रुथ' हरू समाजमा बग्रेल्ती स्थापित भएका छन् । तिनै आदर्श र मानकजस्तो भएका छन् । जसले जति ठूलो झुट जति धेरै आत्मविश्वासका साथ बोल्न सक्दछ, त्यही ठूलो नेता, सेलिब्रेटी वा सार्वजनिक व्यक्तित्व हो भन्ने गलत आम चेतनाको कारणले समाज सस्तो, सतही र फोस्रो हुँदै गएको छ ।

ज्ञान-विज्ञानप्रतिको रुझान कमजोर हुँदै गएको छ । वस्तुगत तथ्य हैन, मनोगत आग्रहका आधारमा सत्यको खुशी हुँदैछ, त्यस्ता सत्यहरू सत्य नभएर सत्योत्तर हुन्छन् र तिनले दिने खुशी अफिमले दिने आनन्दजस्तो भन्ने बुझ्न सबैलाई गाह्रो भइरहेको छ ।

युरोप, अमेरिकाको पछिल्लो प्रगति मूलतः पुनर्जागरण, प्रबोधन र औद्योगिक क्रान्तिको जगमा भएको थियो । अर्थात् आधुनिकताको सबैभन्दा ठूलो आग्रह नै सत्यको खोज थियो, जसले विज्ञान र प्रविधिको विकासलाई सहज बनायो । यदि अन्तर्यमा गएर त्यसको रहस्यलाई खोज्ने हो भने मध्ययुगीन 'बर्बरता र अन्धकार 'विरुद्ध आधुनिकताको सार 'वैज्ञानिकता र नागरिक सार्वभौमसत्ता' थियो । विज्ञानले रुढीवाद, धर्मान्धतालाई चिऱ्यो । नागरिक स्वतन्त्रताले निरंकुशता र तानाशाहीलाई अन्त्य गऱ्यो ।

'पोष्ट-ट्रुथ' मनोदशा र स्टकहोम सिन्ड्रमले ठीक यही कुरालाई घुमाउरो तरिकाले चुनौती दिंदैछन् । दुःखको कुरा के छ भने यिनै प्रवृत्ति र मनोदशासँग संघर्ष गरेर जन्मिएका उदारवाद र साम्यवादजस्ता विचारधारा, आन्दोलन र नेतृत्व नै आज त्यसका संवाहक भएका छन् । र यो चुनौतीसँग लड्ने एक मात्र उपाय, एक मात्र हतियार 'विवेकतन्त्र' नै हो ।

लोकतन्त्रमा हामी कसैलाई यो भन्न सक्दैनौं, भन्ने अधिकार राख्दैनौं कि तिमी 'अविवेकी' छौ । 'विवेकशील' हुनुको अर्थ व्यक्तिगत स्वतन्त्रता र आत्मसम्मानलाई चोट पुऱ्याउनु र 'जान्ने पल्टिनु' हैन । विवेकतन्त्रका मुख्य तीन वटा विशेषता हुन्छन् ।

एक- हरेक अस्तित्वलाई वस्तुगत यथार्थमा हेर्ने प्रयत्न गर्नु । दुई- हरेक परि घटनालाई निश्चित मानकबाट हेर्नु । तीन- वस्तुगत यथार्थले, मानकले जे भन्छ, त्यो स्वीकार गर्नु, त्यससँग नमिलेका कुराका लागि, दोहोरो मापदण्ड र पाखण्डका लागि लज्जित हुनु, गल्ती स्वीकार गर्नुलाई लज्जाको हैन, गौरवको विषय बनाउनु ।

लोकतन्त्र भनेको बहुमत, बहुसंख्या वा धेरैभन्दा धेरै भोट मात्रै हो, जसरी हुन्छ, धेरैभन्दा धेरै मान्छेलाई प्रभावित गर्नु, भोट जम्मा गर्नु वा अर्को अर्थमा भ्रमित गर्नु नै राजनीतिक सफलता हो भन्ने सोचबाट निर्दिष्ट समाजले कहिल्यै उन्नति गर्न सक्दैन ।

यो साँचो हो कि लोकतन्त्रले हामीलाई 'अविवेकी' हुने छुट र स्वतन्त्रता दिन्छ तर लोकतन्त्रमा विवेकतन्त्रको अभाव भयो भने हामीलाई नरक जानबाट भगवानले पनि जोगाउन सक्दैनन् ।

*(स्रोतः अनलाईनखबर)*

# हेटौंडा उपमहानगर पालिकाको आय सवा अर्ब




समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाको चालु आर्थिक वर्षको पहिलो ८ महिनाको आय सवा एक अर्ब रहेको छ । चालु आर्थिक वर्ष २०७९/०८० को साउनदेखि फागुन महिनासम्मको आय १ अर्ब २५ करोड ५८ लाख ४ हजार ९ सय ८१ रुपैयाँ रहेको हो ।

उपमहानगरपालिकाले राजस्व, अन्य आय, अन्तर सरकारी वित्तीय हस्तान्तरण गरी विभिन्न स्रोतबाट आय आर्जन गरेको छ । अन्तर सरकारी वित्तीय हस्तान्तरणबाट मात्रै ८९ करोड ४६ लाख ६६ हजार ९ सय १७ रुपैयाँ आय रहेको छ । कुल आयको ७१.२४ प्रतिशत हिस्सा यसले ओगटेको छ ।

संघीय सरकारबाट ८२ करोड २७ लाख ७७ हजार १ सय ६७ र प्रदेश सरकारबाट ७ करोड १८ लाख ८९ हजार ७ सय ५० रुपैयाँ आयस्रोत रहेको छ । आयको स्रोत सबैभन्दा धेरै संघीय सरकारको रहेको छ ।

यस्तै, राजस्वबाट ३६ करोड ११ लाख ३८ हजार ६४ रुपैयाँ आय रहेको छ । आयको २८.७५ प्रतिशत राजस्वको हिस्सा रहेको छ । राजस्वको स्रोतमा पनि आन्तरिक स्रोत र राजस्व बाँडफाँडबाट प्राप्त रकम गरी दुई भगमा विभाजित रहेको छ । आयको स्रोतमध्येकै सबैभन्द कम आय भएको स्रोत अन्य आय छ, जसबाट २ लाख २४ हजार २ सय ८६ रुपैयाँ आय भएको छ । यसले कुल आयको ०.१७ प्रतिशत हिस्सा लिएको छ । अन्य आय अनुमानित रकमभन्दा बढी रहेको देखिन्छ । चालु आर्थिक वर्षको बजेटमा १ लाख अन्य आय अनुमान गरिएकोमा १२४ प्रतिशत नै बढी आय भएको देखिएको छ ।

आयको आन्तरिक स्रोतबाट मात्रै १५ करोड ३४ लाख ३४ हजार ९ सय २९ रुपैयाँ रहेको छ । जम्मा आयको १२.२१ प्रतिशत हुन आउँछ । आयको आन्तरिक स्रोतअन्तर्गत् एकीकृत सम्पत्ति करबाट ४ करोड २५ लाख ९८ हजार ८३ रुपैयाँ रकम संकलन भएको छ । यस्तै, भूमिकर–मालपोतबाट १४ हजार ७ सय ९१ रुपैयाँ, घरवहाल करबाट २ करोड ६६ लाख ४१ हजार ३ सय ३६, बहाल विरौटी करबाट १ करोड ३१ लाख ६३ हजार ५ सय ५३ रुपैयाँ, पूर्वाधार सेवाको उपयोगमा लाग्ने करबाट १ करोड ३७ लाख ३४ हजार ४ सय ५० रुपैयाँ, सरकारी सम्पत्तिको वहालबात प्राप्त आयकर १ लाख ५१ हजार २ सय रुपैयाँ, अन्य बिक्रीबाट प्राप्त रकम २ लाख ८५ हजार रुपैयाँ, विद्युत् सेवा शुल्क १२ लाख १२ हजार २ सय २५ रुपैयाँ, अन्य सेवा शुल्क तथा बिक्री १ करोड १० लाख ५ हजार १ सय ९९ रुपैयाँ, न्यायिक दस्तुर १ हजार ७५ रुपैयाँ, शिक्षा क्षेत्रको आम्दानी १ लाख ४७ हजार ५ सय रुपैयाँ रहेको छ । यस्तै, नक्सापास दस्तुर ७३ लाख ७६ हजार ६ सय ५ रुपैयाँ, सिफारिश दस्तुर १ करोड ५४ लाख ३ हजार ५ सय ४७ रुपैयाँ, व्यक्तिगत घटना दर्ता दस्तुर ६ लाख ९७ हजार ४ सय रुपैयाँ, प्रशासनिक दण्ड जरिवाना र जफतबाट ७७ लाख ३३ हजार २ सय २५ रुपैयाँ, व्यवसाय करबाट १ करोड २६ लाख ८५ हजार १ सय ७० रुपैयाँ र अन्य बाँडफाँड हुने राजस्व संकलनबाट ५ लाख ८४ हजार ५ सय ११ रुपैयाँ आय रहेको छ ।

यस्तै, पालिकाको राजस्व बाँडफाँडबाट २० करोड ७४ लाख ७८ हजार ८ सय ४८ रुपैयाँ रकम आय रहेको देखिएको छ । जसमा घरजग्गा रजिष्ट्रेशन दस्तुरबाट ६ करोड ८ लाख १३ हजार ३ सय ५१ रुपैयाँ, बाँडफाँड भई प्राप्त हुने मूल्यअभिवृद्धि कर ५ करोड ८४ लाख १५ हजार २ सय ४० रुपैयाँ, बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क २ करोड २४ लाख ९२ हजार ३ सय ७८ रुपैयाँ, बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर ४ करोड ४७ लाख ६७ हजार ६ सय ९५ रुपैयाँ, बाँडफाँड बाट प्राप्त हुने विज्ञापन कर १७ लाख १४ हजार ७ सय ४५ रुपैयाँ, बाँडफाँड भई प्राप्त वन रोयल्टी १५ लाख ८९ हजार ६ सय ५ रुपैयाँ र बाँडफाँड भई प्राप्त दहत्तरको बिक्रीबाट प्राप्त हुने आय बापत १ करोड ७६ लाख ८५ हजार ८ सय ३२ रुपैयाँ रहेको छ ।

अन्य राजस्वबाट ४६ हजार ४ सय ९० रुपैयाँ र बेरुजुबाट १ लाख ७७ हजार ७ सय ९६ रुपैयाँ रकम आय भएको छ । यस्तै, अन्तर सरकारी वित्तीय हस्तान्तरणको संघीय सरकारको समानिकरण अनुदानबापत २४ करोड ७८ लाख ६६ हजार ६ सय ६६ रुपैयाँ, सशर्त अनुदान चालुबाट ५५ करोड २८ लाख ३० हजार ५ सय रुपैयाँ र सशर्त अनुदान पुँजीगतबाट २ करोड २० लाख ८० हजार रुपैयाँ आय भएको देखिएको छ । प्रदेश सरकारको समानिकरण अनुदान २ करोड ६६ लाख ९ हजार २ सय ५० रुपैयाँ, सशर्त अनुदान चालु ३ करोड ४० लाख ३० हजार ५ सय र समपूरक अनुदान चालुबापत १ करोड १२ लाख ५० हजार रुपैयाँ आय भएको देखिएको छ ।

## प्राध्यापक संघमा नयाँ नेतृत्व

समाज संवाददाता

हेटौंडाः शुक्रबार र शनिबार काठमाडौंमा भएको सामुदायिक क्याम्पस सञ्चालक तथा प्राध्यापकहरुको भेलाले नयाँ नेतृत्व चयन गरेको छ । शुक्रबार संघीय सरकारको शिक्षामन्त्री अशोक राईले उद्घाटन गर्नुभएको अधिवेशनबाट तीन वर्षे कार्यकालका लागि काठमाडौंको नैकापस्थित काठमाडौं शिक्षा क्याम्पसका प्रमुख सत्रुधन प्रसाद गुप्ताको अध्यक्षतामा नयाँ समिति चयन गरेको हो ।

समितिको कोषाध्यक्षमा मकवानपुरको थाहा नगरपालिकास्थित पालुङ बहुमुखी क्याम्पसका प्रमुख राजन मिश्र कोषाध्यक्षमा निर्वाचित हुनुभएको छ भने मकवानपुर बहुमुखी क्याम्पसका केशव तिमल्सिना र हेटौंडा क्याम्पसका भुपेन्द्र कोइराला केन्द्रीय समिति सदस्यमा निर्वाचित हुनुभएको छ । देशभरका ५ सय भन्दा बढी सामुदायिक क्याम्पसका प्राध्यापकहरुको सहभागिता रहेको अधिवेशनको उद्घाटन कार्यक्रममा सामुदायिक क्याम्पसमा कार्यरत रही विद्यावारिधी र एमफिल उपाधि हासिल गर्ने प्राध्यापकहरुलाई सम्मान गरिएको थियो । एमफिल र विद्यावारिधी उपाधि हासिल गर्ने मकवानपुर जिल्लाका विभिन्न क्याम्पसका प्राध्यापकहरु पनि सम्मानित हुनुभएको छ ।

## चितवन, सिन्धुपाल्चोक र धादिङमा ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवन, सिन्धुपाल्चोक र धादिङमा तीनजनाको मृत्यु भएको छ । चितवनमा एकजना मृत फेला परेका छन् भने सिन्धुपाल्चोकमा स्वीमिङ पुलमा डुबेर एकजनाको मृत्यु भएको छ भने धादिङमा सवारी दुर्घटनामा एक ज्येष्ठ नागरिकको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

चितवन जिल्लाको भरतपुर महानगरपालिका-१, देवघाटमा एकजना महिला मृत फेला परेकी छिन् । मृत फेला पर्नेमा देवघाटको थारुकुटि आश्रममा १५ दिनदेखि बस्दै आएकी अन्दाजी ४५ वर्षीया तराईमूलकी जस्तो देखिने महिलाको परिचय खुल्न नसकेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । महिला शनिबार बिहान ७ बजेको समयमा कुटिमा मृत फेला परेकी थिईन् ।

यस्तै, सिन्धुपाल्चोक जिल्लाको सुनकोशी गाउँपालिका-३ गोपिनेचौरको स्वीमिङ पुलमा पौडी खेल्ने क्रममा डुबेर एक जनाको मृत्यु भएको छ । माया बिच रिसोर्टमा रहेको स्वीमिङ पुलमा पौडी खेल्ने क्रममा तनहुँ जिल्लाको भानु नगरपालिका-३ घर भई हाल भक्तपुर जिल्लाको भक्तपुर नगरपालिका-१ सल्लाघारी बस्ने ३३ वर्षीय अशोक गुरुङको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । गुरुङ शनिबार पौडी खेल्ने क्रममा पानीमा डुबी अचेत अवस्थामा फेला परेका थिए । गुरुङलाई उपचारका लागि धुलिखेल अस्पताल लगिएकोमा १ बजेको समयमा डाक्टरले मृत घोषण गरेको प्रहरीले जानकारी दिएको छ ।

यस्तै, धादिङ जिल्लाको गल्छी गाउँपालिका-७ बाईस किल्लामा सवारी दुर्घटना हुँदा एक वृद्धाको मृत्यु भएको छ । मृत्यु हुनेमा सिद्दलेख बस्ने ७५ वर्षीया सुकमाया मिजार रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । शनिबार २ बजेर ३० मिनेटको समयमा पृथ्वी लोकमार्गमा काठमाडौंबाट चितवनतर्फ जाँदै गरेको बा २ ख ९९०८ नम्बरको माईक्रो बसले ठक्कर दिँदा मिजार गम्भीर घाईत भएका थिए । घाईते मिजारलाई उपचारका लागि नेपाल नेशनल अस्पताल कलंकी लगिएको ७ बजेर ३० मिनेटको समयमा मृत्यु भएको प्रहरीले जनाएको छ । माईक्रो र माईक्रो चालक नियन्त्रणमा लिएर कागज गरी छाडिएको र चालक ल्याउन समान्वय भइरहेको प्रहरीले जानकारी दिएको छ ।

## ज्योति सामुदायिक वन अध्यक्षमा खतिवडा

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१८ स्थित ज्योति सामुदायिक वन उपभोक्ता समूहको २५ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । शनिबार सम्पन्न साधारणसभाले १३ सदस्यीय कार्यसमिति चयन गरेको अध्यक्ष रामबाबु खतिवडाले जानकारी दिनुभयो ।

वार्षिक साधारणसभाबाट समूहको उपाध्यक्षमा रेखा खतिवडा, सचिवमा राजकुमार श्रेष्ठ, सहसचिवमा सीता श्रेष्ठ र कोषाध्यक्षमा उत्तरा जोशी निर्वाचित हुनुभएको छ । यस्तै, सदस्यहरु अनिल गोपाली, ज्ञानु पहेली, गीता विश्वकर्मा, दशरथ बिष्ट, मनबहादुर थापा, सफल सिंह भुलुन, लक्ष्मी थिङ र भेषकुमारी गोतामे चयन हुनुभएको खतिवडाले जानकारी दिनुभयो । वडा अध्यक्ष अनिलकुमार बानियाँको अध्यक्षतामा समिति चयन भएको खतिवडाले जानकारी दिनुभयो ।

## विद्युतीय सुरक्षा दिवसमा प्रभातफेरी




*ब्यानरसहित प्रभातफेरीमा सहभागी ।*

समाज संवाददाता

हेटौंडाः विद्युतीय सुरक्षा दिवसको अवसरमा आइतबार नेपाल विद्युत प्राधिकरणको बागमती प्रदेश डिभिजन कार्यालयले प्रभातफेरीको आयोजना गरेको छ । विद्युतीय दिवसका दिन नेपालभर प्रभातफेरीको आयोजना गरिएको सहायक प्रशासकीय अधिकृत भरत भण्डारीले जानकारी दिनु भयो ।

प्रभातफेरीमा नेपाल विद्युत प्राधिकरणको हेटौंडा वितरण केन्द्र प्रमुख नरेन्द्रवीर श्रेष्ठ, डिभिजन कार्यालयको प्रशासकीय अधिकृत रामचन्द्र पौडेल, लेखा अधिकृत सन्जय श्रेष्ठ लगायतको उपस्थिति रहेको थियो ।

प्रभातफेरीमा सहभागीले विद्युतीय सुरक्षाका विषयमा सचेतनामूलक ब्यानर र प्लेकार्ड बोकेका थिए ।

## महेन्द्रकिरण माविको छात्रावास उद्घाटन




समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी-८, सिमपानीमा रहेको महेन्द्रकिरण माध्यमिक विद्यालयको सुविधासम्पन्न छात्रावासको आइतबार उद्घाटन गरिएको छ । २०७५ साल चैत्र २० गतेदेखि निर्माण सुरु गरिएको छात्रावास ४ वर्षपछि निर्माण सम्पन्न भई विद्यालयलाई हस्तान्तरण गरिएको हो ।

फाउन्डेसन दक्षिण कोरियाका अध्यक्ष डा. जोङ टिकेको व्यक्तिगत सहयोगमा बनेको उक्त छात्रावास निर्माण कार्य सम्पन्न भएपछि हस्तान्तरण गरिएको हो । गरिब परिवारमा जन्मे पनि आमाबाबुले शिक्षाको महत्व आफूप्रति दर्शाएका कारण विपन्न विद्यार्थीका लागि छात्रावास निर्माण गरेर हस्तान्तरण गरेको डा. टिकेले बताउनुभयो । मानिसका लागि शिक्षा ठूलो सम्पत्ति रहेको बताउनुहुँदै उहाँले शिक्षामा केही योगदान गर्ने उद्देश्यले आमाको स्मृतिमा छात्रावास निर्माण गरेको जानकारी दिनुभयो ।

आगामी दिनमा उक्त छात्रावास उदाहरणीयरुपमा परिचित हुने उहाँले विश्वास व्यक्त गर्नुभयो । विद्यार्थीले देखेको सपनालाई साकार पार्दै अध्ययनलाई प्रतिस्पर्धात्मक बनाउन उहाँले आग्रह गर्नुभयो । आफूले निर्माण गरिदिएको छात्रावास विद्यार्थीका लागि भाग्य जोड्ने पहिलो घर बनोस् भन्ने कामना उहाँले गर्नुभयो ।

विद्यालयका प्रधानाध्यापक शिवबहादुर रिमालले शैक्षिक उन्नतिका लागि आवासीय छात्रावासले महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । समाजसेवी सिद्धिलाल श्रेष्ठले आफू अध्ययन गरेको स्कूलमा सुविधासम्पन्न छात्रावास निर्माण गराउन पहल गर्नु खुसीको विषय भएको बताउनुभयो । भवन निर्माण भएसँगै अध्ययनका लागि विद्यार्थीलाई सहयोग मिल्ने उहाँले बताउनुभयो । विगतमा आफ्ना बाबुको सक्रियतामा निर्माण भएको कर्कटले छाएको छात्रावासको सम्झना गर्दै अहिले सुविधासम्पन्न छात्रावास निर्माणका लागि समन्वय गर्ने मौका मिलेको उहाँको भनाई छ । फाउन्डेसनले नेपालमा उक्त छात्रावाससहित १२ वटा छात्रावास निर्माण गरेर हस्तान्तरण गरिसकेको छ । महेन्द्रकिरण माध्यमिक विद्यालयमा एक हजार एक सय ७२ जना विद्यार्थी अध्ययनरत् छन् । नवनिर्मित सुविधासम्पन्न छात्रावास भवनमा ४० जना छात्र र ४० जना छात्रा गरी ८० जनाको क्षमता रहेको छ । १ करोड बराबरको लगानीमा निर्मित भवन सञ्चालनपश्चात् टाढा-टाढाबाट पढ्न आउने विद्यार्थीलाई सहज हुनेछ ।

कार्यक्रममा मनहरी गाउँपालिकाका अध्यक्ष रञ्जन कलाखेतीको विशिष्ट आतिथ्य रहेको थियो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हेमलाल उप्रेती, भवन निर्माण समिति संयोजक सौगन लामालगायतको उपस्थिति थियो ।

## कर्णाली प्रदेश सरकारबाट बाहिरियो एमाले

सुर्खेतः कर्णाली प्रदेश सरकारबाट एमाले बाहिरिएको छ । सरकारमा सहभागी ३ जना मन्त्रीले मुख्यमन्त्री राजकुमार शर्मासमक्ष राजीनामा दिएसँगै एमाले सरकारबाट बाहिरिएको हो ।

आर्थिक मामिला तथा योजनामन्त्री विनोदकुमार शाह, सामाजिक विकासमन्त्री टेकराज पछाई र उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री जीतबहादुर मल्लले मुख्यमन्त्री शर्मालाई भेटेर राजीनामा बुझाएका छन् । गत पुस २७ गते नेकपा एमाले, माओवादी केन्द्र, राप्रपा, एकीकृत समाजवादीको समर्थनमा माओवादी संसदीय दलका नेता राजकुमार शर्मा मुख्यमन्त्री नियुक्त भएका थिए । केन्द्रमा १० पुसको गठबन्धन टुटे पनि कर्णालीमा भने अहिलेसम्म त्यही समीकरणअनुसार नेकपा एमाले ३ मन्त्रालयको जिम्मेवारीसहित सरकारमा रहेको थियो । केन्द्रीय समीकरणअनुसार कर्णालीमा पनि नेपाली कांग्रेस सरकारमा जाने भएपछि एमाले सरकारबाट बाहिरिएको हो । ४० सदस्यीय कर्णाली प्रदेशसभामा नेपाली कांग्रेसका १४, नेकपा माओवादी केन्द्रका १३, एमालेका १०, राष्ट्रिय प्रजातन्त्र पार्टी, एकीकृत समाजवादी र स्वतन्त्र १ र १ सांसद छन् ।

(स्रोतः अनलाइनखबर)

हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः बिहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी,
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्ध प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।

# एसईईपछि वृजकोर्ष र कम्प्युटर कक्षाको योजनामा विद्यार्थी

जमुना थिङ

हेटौंडाः माध्यमिक शिक्षा परीक्षा (एसईई) सकिएपछि विद्यार्थी विभिन्न इन्स्टिच्युट धाउने गरेका छन् । सैद्वान्तिक ज्ञानभन्दा प्रयोगात्मक ज्ञान प्रभावकारी हुने भएकाले हरेक वर्ष विद्यार्थी विभिन्न इन्स्टिच्युटमा प्रयोगात्मक ज्ञान सिक्न धाउने गर्दछन् ।

एसईई साधारणतर्फको परीक्षा सकिएसँगै विद्यार्थी इन्स्टिच्युट जाने तयारीमा रहेको बताएका छन् । वृजकोर्ष र कम्प्युटर सिक्न प्रायः विद्यार्थी आतुर रहेको पाइएको छ ।

मकवानपुरको राक्सिराङ गाउँपालिका–८, देवीटारमा रहेको श्री माध्यमिक विद्यालयबाट यस वर्ष १९ जनाले एसईई परीक्षा दिएका छन् । सोही विद्यालयबाट एसईई परीक्षा दिएकी सिमना प्रजा भन्नुहुन्छ– ‘आइतबारदेखि परीक्षा सकिएको छ । अब हेटौंडामा रहेको एक इन्स्टिच्युटमा कम्प्युटर कक्षा लिन जाने तयारी गर्दैछु ।’

हेल्थ असिस्टेन्ट (एचए) पढ्ने लक्ष्य रहेको उहाँको भनाइ छ । तर, एसईईको नतिजा आएपछि मात्र के विषय पढ्ने भन्ने कुरा निर्धारण गर्ने उहाँले जानकारी दिनुभयो । ८ वटा विषयको परीक्षामध्ये नेपाली विषयको परीक्षा सबैभन्दा राम्रो भएको प्रजाले बताउनुभयो । उहाँ भन्नुहुन्छ– ‘अहिलेसम्म संस्थाको सहयोगमा पढ्दै आएको थिएँ । एसईई उत्तीर्ण भएपछि उच्च शिक्षा पनि संस्थाकै सहयोगमा पढ्नेछु ।’

एसईई दिएका सबै विद्यार्थीले उच्च शिक्षा अध्ययन गर्छन् ? भन्ने प्रश्नमा प्रतिक्रिया दिँदै प्रजा भन्नुहुन्छ– ‘विकट क्षेत्रको अवस्था तपाईंले बुझ्नु भएकै होला ।’ आधारभूत तहमै करिब १० जनाभन्दा बढी विद्यार्थीले बीचैमा पढाइ छाडेको उहाँले बताउनुभयो । यसवर्ष कक्षा–१० मा २२ जना विद्यार्थी भर्ना भएकोमा १९ जनाले मात्र एसईई परीक्षा दिएको उहाँले जानकारी दिनुभयो । ‘यसवर्ष ३ जना विद्यार्थीले एसईई परीक्षा दिएनन्’, प्रजाले भन्नुभयो– ‘अब एसईई दिएका केही साथीहरु पनि आर्थिक अभावकै कारण पढाई छाड्न बाध्य हुनेछन् ।’ आफूसँगै पढेको साथीहरुको कुनैको विवाह भएको, कुनै श्रममा संग्लन रहेकाले बीचैमा पढाइ छाडेको उहाँले जानकारी दिनुभयो ।

आफूसँगै पढेका केही साथीहरु कोही प्रहरी बन्ने लक्ष्य लिएका छन् भने केहीले शिक्षक बन्ने सपना बुनेको उहाँले बताउनुभयो । यस्तै केही साथीहरुलाई भने घरका अभिभावकहरुले नै अब पढ्नु पर्दैन भन्ने गरेको प्रजाको भनाई छ । आर्थिक अवस्थाले धान्न नसक्ने भएकाले अभिभावकहरुले यस्तो भन्ने गरेको उहाँले बताउनुभयो । आफ्नो बाबुसमेत बिरामी भएकाले आर्थिक समस्या रहेको उहाँको भनाई छ ।

हेटौंडा–४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयबाट यसवर्ष एसईई परीक्षा दिनुभएका पवन मैनालीले पनि कम्प्युटर वृजकोर्षका लागि इस्न्टिच्युट जाने तयारीमा रहेको बताउनुभयो । उहाँले अबको ३ महिना समय रोजगारका लागि सहयोग पुग्ने भएकाले कम्प्युटर र वृजकोर्ष सिक्ने उहाँको भनाई छ ।

मैनालीको लक्ष्य इलेक्ट्रिकल इन्जिनियर बन्ने रहेको छ । विज्ञान विषयको परीक्षा अलि बिग्रिएको उहाँले बताउनुभयो । आफूले सोचेजस्तो नतिजा नआए वाणिज्य संकायमा उच्च शिक्षा अध्ययन गर्ने उहाँको भनाई छ । यस्तै, अब कहीं कतै काम पायो भने काम गर्ने तयारीमा समेत रहेको मैनालीले बताउनुभयो । आर्थिक अवस्था धान्न समस्या हुने भएकाले आफू काम गर्न चाहेको उहाँले बताउनुभयो ।

हेटौंडा–११ मा रहेको त्रिभुवन माध्यमिक विद्यालयबाट एसईई परीक्षा दिनुभएकी अरुणा रोक्काले पनि ३ महिनाको समयमा कम्प्युटर सिक्ने तयारीमा रहेको बताउनुभयो । भविष्यमा कम्प्युटर विज्ञान पढ्ने लक्ष्य रहेको उहाँको भनाई छ । तर, नतिजाले उच्च शिक्षा अध्ययनको निर्धारण गर्ने भएकाले अहिले नै कुन विषय पढ्ने भन्ने कुरा दोधारामा रहेको बताउनुभयो ।

सोही विद्यालयबाट एसईई परीक्षा दिएका सौरभ रुम्बाले प्रायः सबै विषयको परीक्षा राम्रो भएको बताउनुभयो । विज्ञान विषयको परीक्षा भने अलि नराम्रो भएको उहाँले जानकारी दिनुभयो । रुम्बाको सफ्टवेयर इन्जिनियर बन्ने लक्ष्य रहेको छ । नतिजाको प्रतीक्षामा भएकाले कुन विषय पढ्ने भन्ने यकिन नभएको उहाँको भनाई छ । एकहप्ता आफ्नो जन्मथलो घुम्न जाने र हेटौंडामा रहेको इन्स्टिच्युटमा वृजकोर्ष र कम्प्युटर कक्षाका लागि जाने रुम्बाले बताउनुभयो ।

हेटौंडा–१ स्थित अमर माध्यमिक विद्यालयकी प्रधानाध्यापक मालती उप्रेतीले आइतबारदेखि साधारणतर्फको एसईई परीक्षा सकिएको बताउनुभयो । अब विद्यार्थी घुम्न, खेल्न, वृजकोर्षदेखि कम्प्युटर सिक्न लाग्ने उहाँको भनाइ छ । तर केही विद्यार्थी भने विदेश पलायन हुने सम्भावना रहेको उप्रेतीले बताउनुभयो । उमेरले परिपक्व भइसकेका विद्यार्थी आर्थिक समस्याकै कारण विदेश पलायन हुने सम्भावना रहेको उहाँले जानकारी दिनुभयो ।

# ५ वटा वडामा पूर्ण खोप

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाका ५ वटा वडामा पूर्ण खोप सुनिश्चित भएको छ । उपमहानगरपालिकाको १९ वटा वडामध्ये ५ वटा वडामा पूर्ण खोप सुनिश्चित भएको हो ।

हेटौंडा उपमहानगरपालिकाको वडा नम्बर ४, ६, १२, १४ र १७ मा पूर्ण खोप सुनिश्चित भएको उपमहानगरपालिकाका सिनियर अहेब केसव तिमल्सिनाले बताउनुभयो । उहाँका अनुसार ५ वर्ष मुनिका १ हजार २ सय ६० जनाले खोप लगाएका छन् । जसमध्ये २ वर्ष मुनि ४ हजार ९ सय ९१ ले खोप लगाएका छन् । नगरपालिकामा तथ्यांकमात्र आउने र खोप लगाउने काम वडामा रहेको स्वास्थ्य संस्थाको रहेको तिमल्सिनाले जानकारी दिनुभयो । खोप कार्यक्रम नियमितरुपमा चलिरहेको छ । वडा न. ४ मा ४ सय ७५ ले पूर्ण खोप लगाएका छन् । त्यस्तै, वडा न. ६ मा १ सय ७९, १२ मा ३ सय ३२, १४ मा २ सय २ र १७ मा २ सय १४ जनाले खोप लगाएका छन् । वडा न. ४ मा अरु वडाभन्दा धेरै बालबालिका रहेका छन् । चैत महिनाभित्र उपमहानगर पालिकाको आधाभन्दा बढी वडामा पूर्ण खोप सुनिश्चित हुने उहाँको भनाइ छ । वैशाख १२ सम्म सबै वडा पूर्ण खोप सुनिश्चित हुने लक्ष्य रहेको तिमल्सिनाले जानकारी दिनुभयो । उपमहानगरपालिकाको लक्ष्य खोप नलगाएका बालबालिका खोजेर खोप लगाउने रहेको तिमल्सिनाले बताउनुभयो ।

समृद्ध समाज राष्ट्रिय दैनिक
Email:sambridhasamaj@gmail.com

# भीमफेदीमा भलिबल संघ, अध्यक्षमा रामहरि सर्वसम्मत



भलिबल संघ गठनपछि सामूहिक तस्वीर खिचाउँदै ।

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको भीमफेदी गाउँपालिकामा भलिबल संघ गठन गरिएको छ । मकवानपुर जिल्ला भलिबल संघले पालिकास्तरीय समिति गठन गर्ने क्रममा भीमफेदीमा पनि संघ गठन गरिएको हो । यसअघि हेटौंडा उपमहानगर, थाहा नगर, मकवानपुरगढी गाउँपालिकामा भलिबल संघ गठन भइसकेको छ ।

शनिबार एक भेलाको आयोजना गरी रामहरि ठकुरीको अध्यक्षतामा १३ सदस्यीय भीमफेदी गाउँपालिका भलिबल संघ सर्वसम्मत गठन गरिएको छ । संघको उपाध्यक्षमा विपना दोङ, सचिवमा राजिव परियार, कोषाध्यक्षमा अर्जुन बानियाँ सर्वसम्मत चयन हुनुभएको छ । यस्तै सदस्यमा सुनिल लामा, सुजन मोक्तान, नकुल दोङ, ओम सिकारी, राजन पुडासैनी, केविश लामा, निशान थापा मगर, श्रजत प्रजा र सुमन लामा चयन हुनुभएको छ ।

४ नम्बर वडा अध्यक्ष सागर पाण्डेको प्रमुख आतिथ्यमा भएको भेलामा मकवानपुर जिल्ला भलिबल संघका कोषाध्यक्ष शंकर कार्की, सदस्यहरु कमल विडारी, मनोज लामा, रन्जन अमात्य र इन्द्र बज्राचार्यको पनि उपस्थिति रहेको थियो ।

# भूटनदेवी अल्मुनाइको वार्षिक भेला सम्पन्न

समाज संवाददाता

हेटौंडाः भूटनदेवी माध्यमिक विद्यालयको पूर्वविद्यार्थी संगठन भूटनदेवी अल्मुनाइ एसोसिएसनको १७ औं वार्षिक भेला सम्पन्न भएको छ । भेलामा पूर्वविद्यार्थीबीच मित्रमिलन र सम्मान वतरण भएको थियो ।

भूटनदेवी अल्मुनाइ एसोसिएसनका अध्यक्ष श्रीकृष्ण पराजुलीको सभाध्यक्षतामा भेला भएको हो । भेलाको प्रमुख अतिथि भूटनदेवी माध्यमिक विद्यालय व्यवस्थापन समिति अध्यक्ष फुर्वा दोर्जे लामा रहनुभएको थियो । भेलाको संयोजक तथा अल्मुनाइका कोषाध्यक्ष चन्द्रबहादुर थापाले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । भेलामा विद्यालयका पूर्वशिक्षक उद्धव खतिवडालाई दोसल्ला ओढाई सम्मान गरिएको अल्मुनाइका राजेन्द्र पोखरेलले जानकारी दिनुभयो । शनिबार भएको भेलामा कोषाध्यक्ष थापाले आर्थिक प्रतिवेदन र महासचिव अनिल खड्गेले सांगठनिक प्रतिवेदन पेस गर्नुभएको थियो । भेलाले चन्द्रबहादुर थापाको अध्यक्षतामा नयाँ कार्यसमिति गठन गरेको छ । अल्मुनाइको उपाध्यक्षमा अनिल खड्गे, कोषाध्यक्षमा प्रमिला अर्याल, महासचिवमा राजेन्द्र पोखरेल, सचिवमा ध्रुवराज शर्मा चयन हुनुभएको छ । यस्तै, सदस्यहरुमा गोविन्द सराली, वृजकिशोर साह, कृष्णबहादुर क्षेत्री, सुदर्शन ढकाल, सुजल मिश्र, पूर्ण शाक्य, कमल अर्याल, उद्धब भट्टराई चयन भएको पोखरेलले जानकारी दिनुभयो ।

# हेटौंडा-८ को श्रमिक पार्क उद्घाटन

समाज संवाददाता

हेटौंडाः हेटौंडा-८, श्रमिक टोलमा रहेको श्रमिक पार्क स्तरीकरण तथा भौतिक पूर्वाधार निर्माण र पुरातात्विक ईनार संरक्षणको कार्य सम्पन्न भएको छ । बागमती प्रदेश सरकार, संस्कृति तथा पर्यटन मन्त्रालय, पर्यटन विकास आयोजना तथा हेटौंडा उपमहानगरपालिकाको वार्षिक कार्यक्रमअनुसार पार्क स्तरीकरण सम्पन्न भएको हो ।

निर्माण कार्य सम्पन्न भएसँगै शनिबार वडा अध्यक्ष रामकृष्ण थापाले पार्कको उद्घाटन गर्नुभएको हो । उद्घानको क्रममा बोल्नुहुँदै अध्यक्ष थापाले टोल विकासको काम सराहनीय रहेको बताउनुभयो । थापाले आगामी दिनमा भौतिक पूर्वाधारका साथै सामाजिक विकासका काममा लाग्न आग्रह गर्नुहुँदै वडाको सदैव साथ रहने विश्वास व्यक्त गर्नुभयो । वडा कार्यालयले संचालन गर्न लागेको क्षमता विकास तथा लोकसेवा तयारी कक्षामा वडाका सम्पुर्ण यूवालाई सक्रिय रुपमा सहभागी हुन पनि वडा अध्यक्ष थापाले आग्रह समेत गर्नुभयो ।

श्रमिक टोल विकास संस्थाका अध्यक्ष इन्द्र प्रसाद ढुङ्गेलको अध्यक्षता तथा वडा अध्यक्ष रामकृष्ण थापाको प्रमुख आतिथ्यमा पार्क उद्घाटन कार्यक्रम भएको हो । कार्यक्रममा पर्यटन विकास आयोजनाका ईन्जिनियर मेनम लामा तथा टोल विकास समन्वय समिति हेटौडा-८, अध्यक्ष विष्णु अर्यालको आतिथ्य रहेको थियो ।

# उपमेयर कप भलिबल आजबाट

समाज संवाददाता

हेटौंडाः उपमेयर कप भलिबल प्रतियोगिता आज सोमबारबाट हेटौंडा-१२, पदमपोखरीस्थित बुद्ध माविमा हुँदैछ । पुरुषतर्फ १० वटा टिम र महिलातर्फ ९ वटा टिमको सहभागिता र हनेछ । लिग-कम-नकआउट प्रणालीमा आयोजना हुने प्रतियोगितामा महिला र पुरुष दुवैतर्फ ४ वटा समूह बनाइएको छ । पुरुषतर्फ समूह क मा वडा नम्बर २, ४ र १६ रहेको छ । समूह ख मा वडा नम्बर ६ र १९, समूह ग मा वडा नम्बर ८ र ११, समूह घ मा वडा नम्बर ५, १२ र १७ रहेका छन् ।

यस्तै महिलातर्फ समूह क मा वडा नम्बर ४, ६ र १७ रहेको छ भने समूह ख मा वडा नम्बर ११ र १२, समूह ग मा वडा नम्बर २ र ९ रहेको छ भने समूह घ मा वडा नम्बर १४ र १९ रहेको छ । समूह चरणका खेलहरु लिग प्रणालीमा खेलाइने छ भने क्वार्टरफाइनल चरणबाट नकआउट प्रणालीमा खेलाइनेछ । क्वार्टरफाइनलसम्म बेस्ट अफ थ्रीका आधारभा खेल खेलाइने छ भने सेमिफाइनल र फाइनल चरणको खेल बेस्ट अफ फाइभका आधार खेलाइनेछ ।

पाँचौ संस्करणको उपमेयरकप महिला तथा पुरुष भलिबल प्रतियोगितामा महिला र पुरुष दुवैतर्फका प्रथम, द्वितीय र तृतीय हुने टिमले क्रमशः ५० हजार रुपैयाँ, ३० हजार रुपैयाँ र १० हजार रुपैयाँ प्राप्त गर्ने जनाएको छ । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई २ हजार ५ सय र विधागत उत्कृष्ट खेलाडीहरुलाई १ हजार ५ सय रुपैयाँ प्रदान गरिने जनाएको छ ।

# रौतहटमा भीषण आगलागी, २१ बढी घर जलेर नष्ट

रौतहटः रौतहटको माधवनारायण नगर पालिकामा भीषण आगलागी हुँदा २१ भन्दा बढी घर जलेर नष्ट भएको छ । माधवनारायण नगरपालिकाको वडा नं. ४ विसुनपुर्वा मानपुरमा आगलागी भएको हो । स्थानीय जिउत मुखियाको घरबाट सल्किएको आगोले बस्तीका २१ घर जलेर नष्ट भएको छ ।

आइतबार दिउँसो २ बजे जिउत मुखियाको घरमा खाजा बनाउन चुलो बालेका बेला घरमा आगो लागेको थियो । तीव्र हावाको बेगका कारण क्षणभरमै उनको घरबाट छिमेकीको घर मा आगो सल्किँदै बस्तीमा पुगेको प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र मिश्रले जानकारी दिए । उनका अनुसार आगो नियन्त्रणमा लिन स्थानीय, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना तथा चन्द्रपुर र गौर नगरपालिकाको वारुणयन्त्र परिचालन गरिएको थियो । तर, वारूणयन्त्रको पानी सकिएपछि आगो नियन्त्रणमा लिन समस्या भएको स्थानीय पारस भण्डारीले बताए । आगलागीका कारण मानवीय क्षति अहिलेसम्म नभएको तथा सुरक्षाकर्मी र स्थानीयको सहयोगमा आगो नियन्त्रणमा लिने प्रयास भइरहेको र क्षतिको विस्तृत विवरण अझै नआइसकेको मिश्रले बताए । (स्रोतः अनलाइनखबर)




स्वादिष्ट नेवारी खाजा




अब होटल बासुकला (फास्टफुड) मा


स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।

नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

शैक्षिक सत्र २०८० का लागि
नर्सरीदेखि कक्षा ९ सम्म
भर्ना खुल्यो



विद्यार्थीमैत्री शिक्षा प्रदान गरिने, विद्यार्थीको सर्वाङ्गिण विकास हुने उपयुक्त वातावरण रहेको जानकारीसहित सम्पूर्ण अभिभावकमा निश्चिन्त भएर आफ्ना बाबुनानीलाई भर्ना गराउनुहुन अनुरोध गरिन्छ ।

ज्ञानोदय बालबाटिका आवासीय मावि
हेटौंडा-५, पिप्ले
९८५५०६८९४०/९८०१०२९२०५

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ